इन्द्रसरोवर गाउँपालिका उपाध्यक्ष श्री उमा कुमारी लामाज्यू द्वारा प्रस्तुत आ.व.२०७८/०७९ को बार्षिक बजेट वक्तब्य

सभाका सभाध्यक्षज्यू ,
सभाका सदस्यज्यूहरु,
कार्यालय प्रमुख एवं कर्मचारी मित्रहरु,
पत्रकार साथीहरु र
अन्य उपस्थित महानुभावहरु ।

नेपालको संविधानले गरेको संघीय कानूनी व्यवस्था अनुरुप आज म इन्द्रसरोवर गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभा समक्ष आ.व. ०७८/०७९ को वजेट प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भएकी छु ।

सर्वप्रथमतः यो देश र जनतालाई स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न बनाउन विभिन्न कालखण्डमा गरिएका ऐतिहासिक संघर्ष तथा आन्दोलनमा शहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।साथै इन्द्रसरोवर गाउँपालिकामा न्यायपूर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्द रहेका सम्पूर्ण इन्द्रसरोवरबासी र इन्द्रसरोवर का आदरणीय अग्रज राजनीतिक नेतृत्व प्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

यस इन्द्रसरोवर गाउँकार्यपालिकाले संघीय सरकार र प्रदेश सरकार संग नेपाल को संबिधान अनुसार सहअस्तित्व, समन्वय र सहकार्यमा रही समृद्द इन्द्रसरोवर गाउँपालिका निर्माणका लागि दीर्घकालीन सोचका साथ अगाडी बढि रहेको जानकारी गराउन चाहन्छु । २०६८ सालको जन गणना अनुसार १३,८९१ (पुरुष ६,५९१ र महिला ७,३००) जनसंख्या रहेको यस गाउँपालिका ९७.३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएर रहेको छ । प्रति वर्ग कि.मी. १४२.४ जनघनत्व रहेको यस गाउँपालिकामा ऐतिहासिक मानव निर्मित इन्द्रसरोवर ताल, भालेश्वर महादेव, गुप्तेश्वर गुफा, लामवगरमा अवस्थित नाटयश्वरी महादेव मन्दिर, धानेश्वर धनलक्ष्मी मन्दिर, खानीखेतमा अवस्थित पञ्चकन्या देवी मन्दिर,

किटेनी स्थित सरस्वती मन्दिर, लुण्डुप छ्योलिङ गुम्वा, धेचीन गुम्वा महाङ्कालथान, सुकौरा लुण्डुप छयौनिङ गुम्वा, सिस्नेरी स्थित ज्याङतेर छ्योलिङ गुम्बा, पञ्चकन्या देवी मन्दिर, हुमाने डाँडा दृष्यावलोकन गर्ने ठाँउ, भैरवनाथ मन्दिर, सलेमले डाँडाँ, पुरानो खर्क, डाँडाखेल पौवा, जातीपोखरी, राकसखोलाको मानेडाँडा, महाङकाल मन्दिर, लक्ष्मीनारायण मन्दिर सिम्लाङ, शक्तेश्वर मन्दिर वज्रमाठ, ओखरडाँडा चैत्य र शिकारी गाँउ, छडधार लगायतका ऐतिहासिक तथा धार्मिक ठाँउहरु रहेका छन् ।त्यस्तै आजादेश्वर मन्दिर सिस्नेरी, लंकाधामी अदुवावारी, सुन्दरीदेवी ठुलोटार, कालीदेवी बल्छी भन्ज्याङ, सेतीदेवी दम्की, नारायणथान मन्दिर टेकर आदि स्थानहरु पनि धार्मिक हिसावले महत्वपुर्ण रहेका छन् । हाल यस गाँउपालिका क्षेत्रमा विभिन्न पार्कहरु जस्तै शान्ती बगैचा बाटिका कुलेखानी वडा नं.२, पिक्निक स्पट कुलेखानी वडा नं.२, आउटलेट रहेको स्थान, काशिचौर फाखेल वडा नं.४ र पिक्निक स्पट मार्खु वडा नं.१ रहेका छन् । आगामी वर्षहरुमा यस क्षेत्रको विकासका लागि अझै अध्ययन अनुसन्धान गरी ग्रामीण पर्यटन प्रबर्दन गर्न सकिने देखिन्छ र आन्तरिक तथा बाह्य पर्यटकहरुलाई भित्र्याई प्रशस्त आय आर्जन बढाउन सक्ने अवसरहरु पनि रहेको छ ।

यस गाउँपालिकामा विशेष गरी वौद्ध र हिन्दू धर्मावालम्वीहरु र तामाङ्ग/लामा, मगर, व्राह्मण, क्षेत्री र नेवार जातिको बसोबास रहनुका साथै तामाङ जातिको वाहुल्यता रहेको पाइन्छ । यहाँका नागरिकहरुले कृषि, पशुपालन र व्यापारलाई मुख्य पेशाको रुपमा अंगाल्दै आएका छन् । काठमाडौं उपत्यकावाट करिव ४० कि.मि. नजिक रहेकोले यस गाउँपालिकाको आर्थिक सामाजिक विकासमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको छ । यहाँ उत्पादन हुने कृषिजन्य तथा पशुजन्य उपजहरु सोही बजार क्षेत्रमा वढी खपत र विक्री हुने गरेको छ । भौगोलिक रुपमा मध्यम स्तरीय पहाडी धरातल रहेको यस क्षेत्रमा मानव वसोबास र पर्यटन व्यवसायको लागि अति उपयुक्त स्थानहरु रहेका छन् । नवगठित गाउँपालिका भएकोले यसलाई एक सक्षम गाउँपालिकाको रुपमा स्थापना गर्ने चुनौति समग्र गाउँवासी तथा सरकारी र गैरसरकारी निकायहरुको काँधमा आई परेको छ । यहाँ भएका सम्भावनाहरुलाई अवसरमा परिणत गर्न र यहाँ रहेका समस्याहरुको न्यूनीकरण गर्ने क्रममा सही नीतिको पहिचान गरी नीतिको अवलम्बनका साथै योजनावद्ध विकास गर्नु पर्ने आजको आवश्यकता रहेको छ ।

सभाध्यक्षज्यू , सभाका सदस्य ज्यूहरु

यसै क्रममा अव म चालू आ.व ०७७/७८ को कार्यक्रममा समावेश भएका केहि मुख्य उपलब्धि प्रस्तुत गर्न चाहन्छु

१) संघिय समपुरक अनुदानबाट खड्बु सुकौरा नयाँगाउँ कालापानी सडक, प्रदेश समपुरक अनुदानबाट सुकौरा स्ल्याब कल्भर्ट कन्सट्रक्सन निर्माण कार्यको अन्तिम चरणमा र टारपुच्छर गाउँपालिकाको कार्यालयसम्म वाइपास सडक निर्माण कार्यको अन्तिम चरणमा रहेको छ ।

२) प्रदेश सरकार पूर्वाधार साझेदारी विकास कार्यक्रमबाट हेभिको खेलमैदान र सिस्नेरी फाखेल सडकको स्तर उन्नती कार्य करिब सम्मन्न हुने अवस्थामा रहेको छ ।

३) संघीय स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत बज्रमाठ शिकारी गाउँ सडक निर्माण कार्य सम्पन्न हुने अवस्थामा छ। कफ्लेनी खानेपानी अधुरो लिफ्टीङ खानेपानी योजनाको केही कार्य सम्पन्न भएको छ ।साथै, गाउँपालिकाको आफ्नो श्रोत र जिल्ला समन्वय समितिको समपुरक अनुदानमा वडा नं. ४ र ५ को कार्यालय र चन्द्रगढी स्वास्थ्य चौकिको कार्यलय भवन निर्माण कार्यको अन्तिम चरणमा रहेको छ ।

४) गाउँपालिकाको कार्यालयसम्म आउन सहजताको लागि स्ल्याब ढलान सम्पन्न भइसकेको छ । यस्तै सुलिकोट सडक, रामचन्द्र भञ्जाङ सडक, फाखेल पार्क जाने सडक, काप्राङ सडक, राममन्दिर सडक, नाङ्गेपाखा सडक, शेरा सर्वाङ्ग सडक, मार्खु स्ल्याब ढलान, वडा कार्यालय मर्मत, स्वास्थ्य चौकि मर्मत, पौवा दल व्यवस्थापन, किटनी खानेपानी, तोरीस्वरा खानेपानी, राकसखोला सामुदायिक भवन, गाउँपालिका जाने सडक, छापखोरिया खोपकेन्द्र, खहरे नियन्त्रण, आजादेश्वर मन्दिर, राधाकृष्ण मन्दिर, लक्ष्मीनारायण मन्दिर, खेलकुद मैदान, वडा नं १ सानोमार्खु मा स्वास्थ्य इकाइ भवन, फाखेलचौर खेलमैदान, पाप्लीभञ्ज्याङ खेलमैदान जस्ता पूर्वाधारका कार्यक्रम सम्पन्न भएका छन् ।

५) कोरोना भाइरस (कोभिड-१९) को प्रभावबाट हालसम्म विद्यालयहरु बन्द रहेका छन्।विद्यालय भर्ना अभियान शुरु भएको छ।सबै विद्यालयहरुमा दिवा खाजा कार्यक्रम, केही विद्यालयमा सोलार ब्याकअपको व्यवस्था गरिएको छ। किशोरीहरुको स्वास्थ्य अवस्थालाई ध्यानमा राखी स्यानिटारी प्याड वितरण गरिएको छ ।साथैं कालिदेवी माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशालाको व्यवस्था गर्ने कार्य सम्पन्न भएको छ।रुपादेवी माध्यामिक विद्यालयमा शैक्षिक सामाग्री प्रयोगशाला निर्माण भइरहेको छ।भैरव आधारभूत विद्यालयमा विज्ञान प्रयोगशाला र ICT ल्याब स्थापना भएको छ।कालिका माध्यामिक विद्यालयमा माध्यमिक पुस्तकालय स्थापना भएको छ।सबै विद्यालयहरुमा खेलकुद सामाग्री र कोभिड १९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य सामाग्री वितरण गरिएको छ।

६) सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन ५ वटै वडामा सोलार ब्याकअप (प्यान सहित) जडान गरी विद्युतीय कारणबाट हुने ढिला सुस्ती घटाउन प्रयास गरीएको छ ।साथै, वडा सचिव र अन्य कर्मचारीलाई सामाजिक सुरक्षा र पञ्जिकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

७) कोभिड १९ को संक्रमणको अवस्थालाई मध्यनजर गरी यसबाट पर्न सक्ने स्वास्थ्य संकटलाई रोक्नका लागि अक्सिजन सिलिन्डर सहितको १० बेडको अस्थायी कोभिड अस्पताल तथा आइसोलेशन केन्द्रको व्यवस्था गरिएको छ। यसबाट पर्ने जोखिम न्यूनिकरणका लागि सबै स्वास्थ्य संस्थालाई १-१ अक्सिजन सिलिन्डर, आवश्यक पर्ने मास्क इन्फारेड थर्मामिटर, पिपिई सेट, हेन्ड स्यानिटाईजर, साबुन जस्ता न्यूनतम श्रोत साधनको प्रबन्ध गरिएको छ । प्रत्यक स्वास्थ्य चौकीहरुमा र विरामी भएको स्थानहरुमा आवश्यकता अनुसार एन्टिजेन परीक्षण गर्ने कार्य भइरहेको छ।

८) कृषि कार्यक्रम अन्तर्गत माटो परिक्षण शिविर सञ्चालन, कृषि चुन, दाँते ओखरको विरुवा, हाइटेक टनेल, फलामे टनेल, ७ एच.पी को मिनिटिलर, इलेक्ट्रिक पम्प, प्राङगारिक मल, उन्नत जातको तरकारीको विउ र उन्नत जातको मकैको विउ वितरण जस्ता कार्य सम्पन्न गरियो साथै एक घर एक फलफूल विरुवा वितरण कार्यक्रम यही आर्थिक वर्षमा सम्पन्न गरिने भएको छ भने पशु कार्यक्रम अन्तर्गत गोठ सुधार, घाँसको बिउ वितरण,उन्नत जातको वोयर वोका वितरण,पशु विमा अनुदान

कार्यक्रम, वाखा पालन अनुदान कार्यक्रम, कृतिम गर्भाधारण कार्यक्रम सम्पन्न गरिएको छ ।

९) स्थानीय सरकारलाई प्राप्त भएको अपागंता भएका व्यक्तिहरुको परिचयपत्र वितरण गर्ने कार्य यसै वर्षदेखी सञ्चालन गरिएको छ। विपद् प्रभावितहरुलाई आर्थिक राहत सहयोग स्वरुप उपलब्ध गराइएको छ। गरिवी निवारण तथा उद्यम विकास कार्यक्रम अन्तर्गत सीप विकास तालिम सञ्चालन गरी व्यवशाय सञ्चालन गर्नका लागि सक्षम भएका छन्। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस वर्षमा २९ वटा योजना सम्पन्न भइसकेका छन भने एउटा योजना सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत १२७ गाउँवासीले रोजगार प्राप्त गरेका छन्।

१०) समग्रमा माथिका क्रियाकलाप सञ्चालन गर्न यस आर्थिक वर्ष कोभिडका कारण सुखद् रहेन । कोभिड १९ को सक्रमणले गाउँपालिका पनि अछुतो रहन सकेन। केही नागरिकहरु गाउँपालिका भन्दा वाहिर मृत्यु भएको छ। मृतकहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहन्छु साथै परिवारजनमा गहिरो समवेदना अर्पण गर्दछु । कोरोना भाइरस ( कोभिड - १९) को प्रभावको बाबजुत पनि लक्ष्य अनुरुपका विकासका निर्माणका अधिकाशं कार्यहरु भने सम्पन्न भएका छन्।

सभा अध्यक्षज्यू तथा सभा सदस्यज्यूहरु,

यसै क्रममा अव म आगामी आर्थिक वर्ष ०७८/०७९ को बजेटका उद्वेश्य तथा प्राथामिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु । आगामी वजेट निम्न उद्वेश्य प्राप्तिमा केन्द्रित रहेको ब्यहोरा यस सभा समक्ष अनुरोध गरेको छु ।

- प्रत्येक वडा कार्यालय जोड्ने सडक व्यवस्थित, विस्तार र स्तरोन्नति गर्ने ।
- कृषि र पशु क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आय आर्जनमा स्तरोन्नति गर्ने।
- बालमैत्री, अपाङ्गता मैत्री, वातावरण मैत्री र सरसफाइ युक्त गाउँपालिका बनाउने ।
- आधारभूत तहको पूर्वाधारको सुबिधा, प्रविधि युक्त इन्द्रसरोवर बनाउने ।

- स्वास्थ्य सेवाको बिकास, विस्तार तथा प्रत्यक नागरिकले स्वास्थ्य सेवा प्राप्त गर्ने अवसरको सुनिश्चितता गर्ने।

**आगामी आर्थिक वर्ष ०७८/०७९ को बजेटका प्राथमिकताहरु निम्न अनुसार रहेका छन्**

- भरपर्दो सुबिधा युक्त सडक संजाल स्तरोन्नति तथा विस्तार गर्ने।
- गाउँवासीका जीवनस्तरमा सुधार आउने गरि स-साना रोजगारमुलक कार्यक्रम संचालन गर्ने ।
- कोरोना भाइरस कोभिड १९ बाट बच्ने उपाय सहितको स्वास्थ्य क्षेत्रको विकास गर्ने कार्य मार्फत मानव विकास गर्ने ।
- समन्यायिक विकासका लागि कृषि, पशुपालन पर्यटन लगायतका क्षेत्रको प्रवर्द्धन गर्ने।
- सार्वजनिक सेवा प्रवाह गुणस्तरीय, पारदर्शी , समकालीन र नागरिक मैत्री बनाई सुशासन कायम गर्ने।
- गुणस्तरीय तथा प्राविधिक, जीवनोपयोगी र व्यवहारिक शिक्षा मार्फत समाज तथा राष्ट्रका लागि उच्च योगदान दिन सक्ने जनशक्ति तयार गर्न आधार तयार गर्ने।
- कृषि क्षेत्रको व्यवशायीकरण, यान्त्रीकरण र बजारीकरण गरी कृषि प्रतिको आकर्षण अभिवृद्घि गर्ने।

सभा अध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरु,

अब म क्षेत्रगत तथा विषयगत कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

<u>पूर्वाधार विकासतर्फ</u>

- इन्द्रसरोवर गाउँपालिकाको सबै वडाका रणनीतिक सडकहरु संचालन गर्नका निमित्त संघीय सरकार र प्रदेश सरकार संग लागत साझेदारीका रुपमा कार्य गर्न समपुरक कोषमा रु आवश्यक बजेट बिनियोजन गरेको छु ।
- गाउँपालिको गौरवको आयोजनाका रुपमा गाउँपालिकाको प्रशासकिय भवन निर्माणको थालनी गर्नका लागि आवश्यक बजेट रु २ करोड विनियोजन गरेको छु ।

- इन्द्रसरोवर  गाउँपालिका अन्तरर्गतका वडा नं. ४ र ५ को कार्यालय भवन र चन्द्रागढी स्वास्थ्य चौकिको कार्यलय भवन निर्माण लगायतका अन्तिम चरणमा पुगेका तर सम्पन्न हुन नसकेका योजनाहरु सम्पन्न गर्नका लागि बजेट विनियोजन गरेको छु ।साथै, चालु आ.व.मा सम्झौता भईसकेका, नगरि नहुने, गाउँ तथा वडा स्तरीय योजना सम्पन्न गर्नको लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरी सम्पन्न गर्न निरन्तरता दिएको छु ।
- यस गाउँपालिकाको वडा नं ३ स्थित सिस्नेरी स्वास्थ्य चौकी साझेदारी विकास कार्यक्रम अन्तरगत निर्माणाधीन रहेकोले निर्माण सम्पन्न गर्नको लागि रु २२ लाख बजेट विनियोजन गरेको छु।
- यी विभिन्न गौरवका योजनाहरुको साथै अन्य योजनाहरु सम्पन्न गर्नका लागि भौतिक पूर्वाधार विकास तर्फ रु १ करोड ५० लाख वजेट विनियोजन गरेको छु।

<u>आर्थिक विकास</u>

- संघिय बजेट र यस गाउँपालिकाबाट विनियोजन हुने श्रोतबाट गाउँपालिका भरि ब्यबसायीक रुपमा कृषि ब्यबसाय र पशुपालनमा संलग्न कृषकहरुलाई प्रोत्साहन गर्नका निमित्त कृषि तथा पशु शाखा मार्फत आवश्यक बजेटको ब्यबस्था गरेको छु ।
- ब्यवशायिक कृषकहरुको लागि अनुदानमा आधारित एक घर एक फलफूलको विरुवा वितरण कार्यक्रमका लागि आवश्यक बजेट ब्यबस्था गरेको छु ।
- पर्यटन विकासका निमित्त इन्द्रसरोवर ताल, ठाडो खोला झरना, फाखेल मैत्री पार्क, नयाँ गाउँ भ्यू टावर, विभिन्न मठ-मन्दिर, गुम्बा, स्तुपा, चैत्य,ह्वावाङ ह्वावाङ दूलो, जातिपोखरी, दृश्यालोकन गर्ने क्षेत्रको पहिचान गरि प्रचार-प्रसार गर्ने र आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गरि रोजगारीको अवसर श्रृजना गर्न आवश्यक बजेट विनियोजन गरेको छु । समग्रमा, आर्थिक विकास तर्फ २ करोड बजेट विनियोजन गरेको छु ।

<u>सामाजिक विकास तर्फ</u>

- इन्द्रसरोवर  गाउँपालिकाले शिक्षा, स्वास्थ्य, मानव विकास र गरिवी न्यूनिकरण गर्न लक्षित वर्ग लगायत न्यून आय भएका वर्गलाई उच्च प्राथमिकता दिएको छु ।
- सबै वडाहरुमा स्वच्छ खानेपानी उपलब्ध गराउन संघ, प्रदेश सरकारको विशेष अनुदान र गाउँपालिकाको बजेट मार्फत सबै वडामा ब्यवस्थित खानेपानी का लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- कोरोना भाइरस ( कोभिड-१९)को सङ्क्रमणबाट बच्न चेतनामूलक कार्यक्रम सहित अध्यक्षसँग विद्यार्थी स्वास्थ्य जाँच कार्यक्रम, उपाध्यक्ष सँग पोषण कार्यक्रम, स्वास्थ्य बिमा लगायत  स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिदै आबश्यक वजेट विनियोजन गरेको छु ।
- इन्द्रसरोवर  गाउँपालिका भरीका सामुदायिक बिद्यालयहरुमा ५ कक्षा भन्दा मुनि अध्ययन गर्ने बालबालिकाहरुलाई दिवा खाजा कार्यक्रमलाई निरन्तरताका लागि आबश्यक वजेट बिनियोजन गरेको छु ।
- विश्वव्यापीरुपमा मनाइने विभिन्न दिवसहरु यस गाउँपालिकामा पनि मनाउनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- वाल विकास केन्द्रका वालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई वृद्धि भएको पारिश्रमिकका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण कार्यक्रमलाई निरन्तरता दिएको छु ।सामाजिक विकास कार्यको लागि जम्मा रु. ३ करोड विनियोजन गरेको छु ।

<u>वन वातावरण तथा विपद व्यवस्थापन</u>

- सूचना र प्रविधिको सदुपयोगका लागि गाउँपालिकालाई सुचना प्रविधिमैत्री वनाउनमा जोड दिईएको छ ।
- अनलाइन घटनादर्ता प्रक्रिया लाई सबै वडामा विस्तार गर्न आवश्यक रकम विनियोजन गरेको छु ।
- वातावरणीय  स्वछता कायम राख्न र सहरी सरसफाई  कार्यलाई थप ब्यवस्थित गर्न सडक निर्माण गर्दा २ तर्फ वृक्षारोपण गर्ने, बहुउपयोगी घाँस खेति गर्ने, भू-क्षय

नियन्त्रण, जल-वायु अनुकुलन कार्ययोजना तयार गर्न र विपद् व्यवस्थापन गर्नको लागि रु ५० लाख वजेट विनियोजन गरेको छु ।

- ❖ वडाबाट माग भई आएका योजना सञ्चालन गर्नको लागि रु. २ करोड ८५ लाख विनियोजन गरेको छु ।समग्र गाउँपालिकाबाट प्रदान गर्ने सेवा प्रवाह चुस्त-दुरुस्त गर्न, संस्थागत विकास र सुशासन क्षेत्रको लागि रु ४० लाख बजेट विनियोजन गरेको छु ।
- ❖ कार्यालयको कार्य सञ्चालनलाई प्रभावकारी बनाउन सञ्चालन तथा चालू खर्च तर्फ रु ६ करोड विनियोजन गरेको छु।
- ❖ विकासका गतिविधिहरुमा अवरोध आउन नदिन अति आवश्यक सार्वजनिक निर्माण कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- ❖ कृषि उत्पादन तत्काल निर्यात गर्न नसक्दा हुने क्षतिलाई मध्यनजर गरी कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरणको साझेदारीमा कोल्डरुम वा पोर्टेवल कोल्ड च्याम्बर निर्माणका लागि रु ११ लाख विनियोजन गरेको छु।

सभा अध्यक्षज्यू तथा सभा सदस्यज्यूहरु,

अव म संघीय सरकार तथा प्रदेश सरकार, अन्य निकाय र गाउँपालिकाको आफ्नो श्रोतबाट हुने गरी आगामी वर्षका लागि विनियोजन गरेको वजेट प्रस्तुत गर्न चाहान्छु ।उक्त रकम आ.व. ०७८/०७९ को लागि गाउँपालिकाको सँचित कोषवाट खर्च गर्ने गरि विनियोजन गरेको छु ।

आर्थिक वर्ष २०७७/०७८ को संचित कोष अनुमानित मौज्दात मा १ करोड पचास लाख, संघिय वित्तिय समानीकरण अनुदानमा ७ करोड ६५ लाख, संघिय सशर्त अनुदानमा ११ करोड ९४ लाख, संघिय राजस्व बाँडफाँड अनुदानमा ५ करोड ४४ लाख ४० हजार रुपैया, संघीय राजस्व बाँडफाँड अनुदान (विद्युत रोयल्टी र वन) मा २करोड २६ लाख,४७ हजार ७ सय ५९, प्रदेश वित्तिय समानिकरण अनुदानमा ५८ लाख ३७ हजार,

प्रदेश सशर्त चालु तथा पुंजिगत अनुदानमा १ करोड ४७ लाख ५६ हजार, प्रदेश राजस्व बाडफाँड (सवारी साधन) अनुदानमा १ करोड ५० लाख ३९ हजार ९ सय ६७, प्रदेश राजस्व वाडफाँड (विभाज्य कोष)मा १ करोड ५१ लाख, प्रदेशमा बाँडफाड हुने मनोरञ्जन विज्ञापन शुल्क रु २ लाख, संघीय विशेष अनुदानमा १ करोड ८ लाख, प्रदेश समपुरक कोष अनुदानमा २ करोड ५३ लाख ५९ हजार, प्रदेश विशेष अनुदानमा २५ लाख, आ.व. २०७८/०७९ को अनुमानित आन्तरिक आयमा ६५ लाख ७० हजार गरी जम्मा रु. ३८ करोड ४१ लाख ५९ हजार ७ सय २६ रुपैयाको अनुमानित आम्दानी प्रस्तावित गरेको छु ।

अन्त्यमा,

यस गाउँपालिकाको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा सहयोग पुर्याउनु हुने इन्द्रसरोवर गाउँपालिकाका सभाध्यक्षज्यू, वडा अध्यक्ष ज्यूहरु, सम्पुर्ण सभा सदस्यज्यूहरु, इन्द्रसरोवर गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतज्यू लगायत विषयगत शाखाका प्रमूख र सम्पुर्ण कर्मचारी मित्रहरु तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पुर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

धन्यवाद ।

श्री उमा कुमारी लामा
उपाध्यक्ष
इन्द्रसरोवर गाउँपालिका